# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७६।०८।१६ गते

# प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

डिभिजन सडक कार्यालय, जनकपुरका डिभिजन प्रमुख दिनेश अर्याल र लेखा प्रमुख जिवनाथ पोख्रेलसमेतले ठेक्काको बोलपत्रमा केरमेट गरी सच्याएको भन्ने व्यहोराको उजुरी उपर अनुसन्धान हुँदा सडक डिभिजन कार्यालय, जनकपुरका तत्कालीन कार्यालय प्रमुख सि.डि.ई. दिनेश अर्याल, लेखा अधिकृत जिवनाथ पोख्रेल, इन्जिनियर राजकुमार यादव र इन्जिनियर सन्जिवकुमार साहसमेतले ठेक्काको बोलपत्र मुल्यांकन समितिमा रही भैरव कन्स्ट्रक्सन कम्पनी प्रा.लि. नयाँबजार, काठमाडौंले पेश गरेको बोलपत्रको BOQ को Item No. २.३ र २.६ को दररेट अंक र अक्षरमा सच्याई रू.१९,५०,४४०/- थपी सम्झौता गरी भैरव कन्स्ट्रक्सन कम्पनी प्रा.लि.का संचालक सुरेशलाल श्रेष्ठ र गोपाल श्रेठ तथा भैरव कन्स्ट्रक्सन कम्पनी प्रा.लि.का अख्तियारनामा प्राप्त मोहनप्रसाद यादवसँग मिलेमतो गरी सरकारी कागजात गैरकानूनी रूपमा सच्याई आफू र बोलपत्रदातालाई गैरकानूनी लाभ पुऱ्याई नेपाल सरकारलाई गैरकानूनी हानिनोक्सानी पुऱ्याई सार्वजनिक सम्पत्तिको  हानिनोक्सानी गरी निजहरू डिभिजन सडक कार्यालय, जनकपुरका तत्कालिन सि.डि.ई. दिनेश अर्याल, लेखा अधिकृत जिवनाथ पोख्रेल, इन्जिनियर राजकुमार यादव र इन्जिनियर सन्जिवकुमार साहले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (३), दफा ११ र दफा १७ बमोजिमको कसुर गरेको स-प्रमाण पुष्टि भएको हुँदा बिगो रु. १९,५०,४४०/- (उन्नाइस लाख पचास हजार चार सय चालीस) कायम गरी निजहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (३) र दफा ११ तथा दफा १७ मा उल्लेख बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (च) बमोजिम सजाय हुन र सोही ऐनको दफा १७ बमोजिम बिगो असुलउपर हुन समेत मागदावी लिएको।

साथै उपरोक्त कार्यद्वारा भैरव कन्स्ट्रक्सन कम्पनी प्रा.लि. नयाँबजार, काठमाडौंका संचालक सुरेशलाल श्रेष्ठ र गोपाल श्रेठ तथा भैरव कन्स्ट्रक्सन कम्पनी प्रा.लि.का अख्तियारनामा प्राप्त मोहनप्रसाद यादवले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) र दफा ११ बमोजिमको कसुर गरेको स-प्रमाण पुष्टि भएको हुँदा बिगो रु. १९,५०,४४०/- (उन्नाइस लाख पचास हजार चार सय चालीस) कायम गरी निजहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) र दफा ११ बमोजिम सजाय हुन र सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम बिगो असुलउपर गरी जफत हुन समेत मागदावी लिई आज विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरिएको छ।

प्रवक्ता
प्रदीपकुमार कोइराला